# बनेपा नगरपालिकाको आन्तरिक आय संकलन तथा आय (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।४।३२

प्रमाणिकरण मितिः २०७७।५।७

प्रस्तावनाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) घ. मा भएको व्यवस्था कार्यान्वयन गरी बनेपा नगरपालिकाको आन्तरिक आय संकलन कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र बनेपा नगरपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन,२०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट यो कार्यविधि तर्जुमा गरी लागूगरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम "बनेपा नगरपालिकाको आन्तरिक आय संकलन तथा आय (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

(क) "आन्तरिक आय" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम नगरपालिकाले आफनो क्षेत्र भित्रको व्यवसायमा पूँजीगत लगानी, आर्थिक कारोबार, क्षेत्रगत एवं व्यापारिक महत्व र स्रोत साधन आदिका आधारमा प्रत्येक वर्षको आर्थिक ऐनमा तोकिएको दर बमोजिम ठेक्का, अमानत वा अन्य कुनै तरिकाबाट असूल गर्ने कर, दस्तूर, सेवा शुल्क, बिक्री जरिवाना तथा नगरपालिको सम्पत्ती बहालबाट हुने आय आदि सम्झनुपर्दछ ।

(ख) "आय ठेक्का" भन्नाले नगरपालिकाले आन्तरिक आय संकलन तथा व्यवस्थापनका लागि बन्दोबस्त गर्ने ठेक्का लाई सम्झनु पर्दछ ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ र सो शब्दले नगरसभाबाट स्वीकृत प्रत्येक वर्षको आर्थिक ऐन समेतलाई बुझाउँछ ।

(घ) "ठेक्का व्यवसायी" भन्नालेनगरपालिकाले तोकिएको आर्थिक वर्षको लागि आय संकलन गर्न कबुलयित गराई पट्टा वा चलन पूर्जी दिएकोव्यक्ति वा संस्था वा कम्पनीलाई सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्दछ ।

(च) "नगरपालिका" भन्नाले बनेपा नगरपालिकालाई सम्झनु पर्दछ र सो शब्दले नगर कार्यपालिका र नगर कार्यपालिकाको कार्यालय समेतलाई बुझाउँछ ।

(छ) "नगर प्रमुख" भन्नाले बनेपा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "सम्झौता" भन्नाले यस कार्यविधि बमोजिम आन्तरिक आय संकलनको ठेक्का स्वीकृत भइसकेपछि ठेकेदारलाई गराइने कबुलियत र प्रदान गरिने पट्टा वा चलन पूर्जिलाई सम्झनु पर्दछ ।

(झ) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६(४) बमोजिमको गाउँपालिका वा नगरपालिकालाई सम्झनु पर्दछ र सो शब्दले उपमहानगरपालिका र महानगरपालिका समेतलाई जनाउँछ ।

## परिच्छेद-२

## आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी व्यवस्था

**३. नगरपालिकाले आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने :**

(१) ऐन र यस कार्यविधिको अधिनमा रही नगरपालिकाले नगरपालिकाको आर्थिक ऐन तथा अन्य प्रचलित कानूनले निर्धारण गरे अनुसारकोकरको दर, सेवा शुल्क, दस्तूर तथा अन्य आन्तरिक आय असूल गर्न नगरपालिकाले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेछ । तर नगरपालिकाको आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा पाँच वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिने छ ।

स्पष्टीकरण : यस कार्यविधिकोप्रयोजनको लागि "आन्तरिक आय" भन्नालेसंघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम तथा विशेष प्रकृतिको अनुदान बाहेक नगरपालिकालेनगरपालिकाको आर्थिक ऐन तथा अन्य प्रचलित कानून बमोजिम आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आय सम्झनु पर्दछ ।

(२) दुई वा दुई भन्दा बढी स्थानीय तहले आपसी सहमतिद्वारा संयुक्त रुपमा उपदफा (१) बमोजिम ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(३) नगरपालिकाले सामान्यतया आर्थिक वर्ष सुरु हुनुअगाडि नै ठेक्का बन्दोबस्तको कार्य सम्पन्न गरिसक्नु पर्नेछ । यसरी ठेक्का बन्दोबस्त गर्न यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि फर्म तथा व्यक्ति नगरपालिकामा सूचीकृत गराईरहन आवश्यक पर्ने छैन ।

(४) उपदफा (१) बमोजिम ठेक्का बन्दोबस्त गर्दा देहायकोकार्यविधि अपनाउनु पर्नेछ :

(क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, संभावित परिचालन, सो को व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अङ्क समेतलाई विचार गरी आन्तरिक

आयको प्रक्षेपण गरी न्यूनतम ठेक्का अङ्क र असूली कार्यतालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम असूली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भईसकेपछि ठेक्का बन्दोबस्त गर्नको लागि आर्थिक ऐनले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएकोठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ ।

(ग) खण्ड (क) बमोजिमको कार्यान्वयन कार्ययोजनाको आधारमा कुनै आन्तरिक आय पाँच लाख रुपैयाँ भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा र पाँच लाख रुपैयाँ भन्दा बढी भएमा बोलपत्र आह्वान गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम बोलपत्र आह्वान गर्दा बीस लाख रुपैयाँसम्म भए स्थानीय वा राष्ट्रियस्तरको नियमित प्रकाशन हुने पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना नगरपालिकाको सूचना पाटीमा टाँस गरी नगरपालिकाको वेभसाइटमा समेत राख्नुपर्दछ । बीस लाख रुपैयाँ भन्दा बढी भएमा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ :

(१) साविकमा ठेक्का लागिआएको भए कति रकम र के शर्तमा ठेक्का लागेको हो सो कुरा,

(२) ठेक्काका मुख्य मुख्य शर्तहरु,

(३) श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण,

(४) ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाउँदा छुट दिइने भए सो कुरा,

(५) बोलपत्र फारम प्राप्त हुने स्थान (नगरपालिकाबाट प्राप्त गर्ने सकिने वा इन्टरनेटबाट डाउनलोड गरी फाराम प्राप्त गर्न सकिने व्यवस्था समेत मिलाउन सकिनेछ । यसरी इन्टरनेटबाट डाउनलोड गरिएको बोलपत्र दाखिला गर्दा उक्त सूचना बमोजिम लाग्ने रकम बुझाउनु पर्नेछ),

(६) बोलपत्र पठाउनु पर्ने तरिका,

(७) बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम (कार्यालय वा अधिकारीको नाम खुलाउँदा सम्बन्धित स्थानीय तहको निर्णयले एक भन्दा बढी स्थानीय तह र जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयहरु र कोष तथा लेखा नियन्त्रक कार्यालय) समेतलाई समावेश गर्न सकिनेछ ।

(८) बोलपत्र बापत लाग्ने दस्तुर,

(९) बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति, समय र स्थान तथा बोलपत्र खोलिने मिति, समय र स्थान,

(१०) बोलपत्र उपर निर्णय हुने मिति,

(११) जमानत बापत राख्नु पर्ने रकम वा बैंक ग्यारेन्टीको किसिम र मान्य अवधि,

(१२) अन्य आवश्यक कुराहरु ।

(च) खण्ड (ङ) को उपखण्ड (८) बमोजिम बोलपत्र फारामको दस्तुर अनुसूची–१ बमोजिम हुनेछ ।

(छ) खण्ड (ङ) बमोजिम प्रकाशित सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि, विदेशी बोलपत्रदाताले बोलपत्र दिँदा खुलाउनु पर्ने कुरा, स्थानीय एजेन्ट भएका विदेशी बोलपत्रदाताको सम्बन्धमा हुने कारबाही, बोलपत्रदाताको एजेन्टले पेश गर्नुपर्ने विवरण लगायतका अन्य विषयहरुप्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

(ज) खण्ड (घ) बमोजिम प्रथम पटक बोलपत्र आह्वान गर्दा बोलपत्र पर्न नआएमा वा रीत पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अङ्क अनुमानित ठेक्का अङ्क भन्दा कम भएमा पहिलाको म्याद भन्दा कम्तीमा आधा म्याद दिई पुनः सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्नेछ । यसरी बोलपत्र आह्वान गर्दा रितपूर्वकको एक थान मात्र बोलपत्र दाखिला भए पनि बोलपत्र स्वीकृत गर्न बाधा पर्नेछैन ।

(झ) खण्ड (ज) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई खण्ड (ङ) बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछ । तर यसरी सूचना प्रकाशन गर्दा ठेक्का शर्त तथा ठेक्का परिमाण तथा ठेक्काको न्यूनतम अङकमा संसोधन गर्नुपर्ने भएमा राजस्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाले संशोधन गर्न आवश्यक देखेमा संशोधन गरि न्यूनतम कबोल अंक कायम गर्न सक्नेछ ।

(१) बढाबढ हुने नगरपालिकाकोकार्यालय वा अन्य कुनै स्थान,

(२) बढाबढ हुने मितिर समय,

(३) अन्य आवश्यक कुराहरु ।

(५) उपदफा (४) को खण्ड (ङ) र खण्ड (झ) अनुसार प्रकाशित सूचना बमोजिम डाँकबढाबढ बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफूले कबूल गरेको अङ्कको पाँच प्रतिशत र गैर नेपाली नागरिक भए आफूले कबूल गरेको अङ्कको दश प्रतिशत रकम नगरपालिकाकोनाममा उक्त सूचनामा तोकिएको बैंकमा जमानत बापत रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको बोलपत्र दाखिला गर्ने वा बोलकबोल गर्ने अन्तिम मितिबाट न्युनतम एक सय बीस दिन म्याद भएको बैंक जमानत (विडवण्ड) को सक्कल प्रति संलग्न राख्नु पर्नेछ । तर बढाबढ गर्दा पनि नगरपालिकाले तोके बमोजिमको न्यूनतम अङ्क पनि कबोल अङ्क हुन नआएमा राजस्व परामर्श समितिको सिफारिसमा आवश्यक प्रक्रिया अपनाई आन्तरिक आयको व्यवस्था गर्न सकिनेछ ।

(६) यस कार्यविधि बमोजिम जफत हुने अवस्थामा बाहेक उपदफा (५) बमोजिम राखिएको जमानत बापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलकबोल डाँक अस्वीकृत भई प्रथम पक्षले सम्झौता गरे पश्चात नियमानुसार निजलाई फिर्ता गर्नु पर्नेछ । तर, कुनै ठेक्काको सम्झौता नभएसम्म सो ठेक्का कबुल गर्ने मध्ये सो ठेक्का अनुसार सिफारिस गरिएका जमानत नगरपालिकाले फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन ।

(७) उपदफा (४) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मिति भन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा अन्य कुनैमाध्यमबाट बोलेकोकुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन ।

(८) कार्यालयमा पेश भएका बोलपत्रहरु मूल्याङ्कनका लागि सार्वजनीक खरिद नियमावली २०६४ को नियम १४७ बमोजिम हुनेछ ।

४.ठेक्का स्वीकृत गर्ने:

(१) दफा ३ को उपदफा ४ (घ) बमोजिम प्रकाशित सूचना बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र वा बोलेको कुनैवा सबै डाँक नगरपालिकाले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(२) रितपूर्वकको बोलपत्र प्राप्त भए पछि सूचना बमोजिमका सबै प्रक्रिया पुगेको सबैभन्दा बढी अङ्क कबोल गर्नेको बोलपत्र मूल्याङ्कन समितिको सिफारिसमा दफा १० मा उल्लेखित अधिकारीले स्वीकृत गर्नेछ ।

(३) दफा ३ बमोजिम सार्वजनिक बढाबढ गर्दा न्यूनतम अङ्कबाट बढाबढ शुरु गरी सबैभन्दा बढी डाँक कबोल गर्ने व्यक्तिबाट तत्कालै दफा ३ कोउपदफा (५) बमोजिम धरौटी वा बैंक ग्यारेन्टी लिइ उक्त डाँक स्वीकृत गर्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढको डाँक स्वीकृत गर्ने अधिकार दफा १० मा उल्लेखित अधिकारीलाई यसै कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

५.पट्टा दिने र कबुलियत गराउने:

(१) यस कार्यविधि बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि ठेक्का बन्दोबस्त गर्ने अधिकारीले सात दिनभित्र सो कुराको सूचना बोलपत्र वा डाँकवालालाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना जारी गर्दा बाटाको म्याद बाहेक सात दिनको म्याद दिई सो म्यादभित्र आफ्नो कबूल बमोजिम सम्झौता गर्न नआएमा त्यस पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइनेकुरा स्पष्ट खोली सूचना तामेल गर्नु गराउनु पर्नेछ । यस्तोसूचना जारी गर्दा सूचना पाउनुपर्ने व्यक्ति नभेटिएमा वा सूचना बुझी नलिएमा स्थानीय वडा सदस्य एक जना समेत स्थानीय व्यक्तिहरु चार जनालाई साक्षी राखी सूचना पाउनु पर्ने व्यक्तिको घर दैलोमा टाँस गरेमा वा निजको इमेल

ठेगानामा पठाएमा पनि सो सूचना प्राप्त भएको मानिनेछ । साथै यस्तो सूचना कुनै स्थानीय वा राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशन गरेमा पनि सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जारी भएको सूचनाको म्यांदमा सो व्यक्ति हाजिर भई सम्झौता गर्न मञ्जूर गरेमाप्रमुख प्रशासकीय अधिकृतले निजबाट तुरुन्त कबुलियत गराई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्नेछ । त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो कबुल बमोजिम कबुलियत गर्न मञ्जूर नगरेमा निजको धरौटी जफत गरी निज पछिको दोस्रो, तेस्रो क्रमश अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपदफा (२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी ठेक्का बन्दोबस्त गर्दा नगरपालिकाले अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने उक्त ठेक्का रद्द गरी राजस्व परामर्श समितिकोसिफारिसमा निर्णय गरि पुनः सूचना प्रकाशन गर्नुपर्ने छ ।

(४) नगरपालिकाले संयुक्त रुपमा आह्वान गरेको बोलपत्र वा बढाबढको डाँक स्वीकृत गर्ने र ठेक्का बन्दोबस्त गर्ने अख्तियारवालाले बोलपत्र खोलिएको वा बोलाइएको पन्ध दिन भित्र बोलपत्र वा डाँक स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि सो स्वीकृत गर्ने संयुक्त समिति समक्ष पेश गरी निकास भए बमोजिम गर्नु पर्नेछ । स्थानीय तहको संयुक्त समितिले पनि यसरी पेश भएको सात दिनभित्र बोलपत्र वा डाँक स्वीकृतभए वा नभएको निकासा दिइसक्नु पर्नेछ । सो म्याद भित्र पेश नगरेको वा निकासा नदिएको कारणले स्थानीय तहलाई कुनै हानी नोक्सानी भएमा जसको ढिलाई वा लापरबाहीले गर्दा म्याद भित्र पेश वा निकासा हुन नसकेको हो सो जिम्मेवार व्यक्तिबाट सो हानी नोक्सानी असूल उपर गरिने छ ।

(५) बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो बोलपत्रदाता वा डाँकवालाले स्वीकृत ठेक्का अङ्कको मूल्य अभिवृद्धिकर सहितकोपचास प्रतिशत रकम नगदै नगरपालिकाले तोकेको बैंकमा दाखिला गर्नुपर्नेछ र बाँकीमूल्य अभिवृद्धि कर सहितकोपचास प्रतिशत रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाटजारी भएको ठेक्का अवधि भन्दा बढि म्याद भएको(बहुवर्षिय ठेक्काको हकमा कम्तीमा १ वर्ष) परफरमेन्स बण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग अनुसूची ३ बमोजिम कबुलीयत गराई अनुसूची ४ बमोजिमको पट्टा वा चलन पुर्जी दिनु पर्नेछ ।

(६) बोलपत्र वा डाँक स्वीकृत भएको सूचना प्राप्त भए पछि सो सूचनामा तोकिएको म्यादभित्र बोलपत्र वा डाँकवालालेपूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले दफा (५) बमोजिम राखेको जमानत जफत भई नगरपालिकाको संचित कोषमा दाखिला हुनेछ ।

**६.ठेक्का रकमको किस्ता बुझाउने तरिकाः**

(१) नगरपालिकाले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नु पर्ने किस्ताको अङ्क निर्धारण, ठेक्का सम्बन्धी सूचना, बोलपत्रमा उल्लेखित असूली कार्यतालिका र अन्य शर्तहरु यस कार्यविधिको अनुसूची १ बमोजिम हुनेछ । तर यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तानी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनु पर्नेछ ।

(२) ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारकोसम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा औचित्य हेरी बढीमा दश प्रतिशतसम्म छुट दिन सकिनेछ तर यस्तो छूटको प्रतिशत बोलपत्र वा बढाबढको सूचनामा र ठेकेदारसँगको सम्झौतामा समेत उल्लेख हुनु पर्नेछ ।

**७.ठेक्का तोड्न:**

(१) सम्झौता बमोजिम कुनै शर्तको बर्खिलाप हुने काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस कार्यविधि बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न हुँदैन ।

(२) कुनै ठेकेदारले नगरपालिकाले तोकेको दरभन्दा बढी दरमा आन्तरिक आय असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालवस्तुमा कर, सेवा शुल्क वा दस्तुर असूल गरेमा वा कर तथा सेवा शुल्क छुट दिने भनी उल्लेख भएकोमा सो अनुसार नगरेमा वा एक स्थानीय तहले लिएको करको प्रमाण हुँदाहुँदै दोहोरो हुने गरी कर असूल गरेको खण्डमा त्यस्तो रकम ठेकेदारबाट असूल गरी सम्बन्धित व्यक्तिलाई सम्बन्धित स्थानीय तहले फिर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा उल्लिखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी धरौटी जफत गरिनेछ । यसरी धरौटी जफत गर्दा पनि नयाँ ठेक्का बन्दोबस्त गर्दा साविकको रकम भन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का बन्दोबस्त गर्दा लागेको रकम असूल उपर नभएमा सरकारी बाँकी सरह असूल उपर गरी निजको नाम कालो सूचीमा राखी अन्य स्थानीय तहहरु र नेपाल सरकारको ठेकेदारको लाइसेन्स दिने सम्बन्धित कार्यालयलाई समेत जानकारी दिइनेछ ।

(४) उपदफा (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षकोबाँकीअवधिको लागि ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असूली कार्यतालिका बमोजिम रकम असूल हुने गरी ठेक्का दिन सकिनेछ ।

(५) उपदफा (३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट नगरपालिकालाई भएको नोक्सानी र नगरपालिकाले ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा त्यसको दश प्रतिशत सुद समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ । तरआफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने नगरपालिकाले सो बमोजिम असूल गर्नु पर्ने रकम मध्ये राजस्व परामर्श समितिको परामर्श लिई उपयुक्त रकम मिनाहा दिन सक्नेछ ।

**८.बक्यौता रकम असूली सम्बन्धी व्यवस्था :**

(१) नगरपालिकाले विभिन्न कारणबाट असूल हुन नसकी बाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्य योजना बनाई रकम असूल उपर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम असूल गर्नुपर्ने रकम असूलीको लागि स्थानीय प्रशासन, प्रहरी, नगर प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सहयोग प्राप्त भै बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्था लाई नगरपालिकालेअसूली अङ्कको बढीमा ५ प्रतिशत सम्म पुरस्कार स्वरुप उपलब्ध गराउन सक्नेछ । एक भन्दा वढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असूली भएको भए यस्तो पुरस्कार रकम दामासाहीबाट उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको प्रक्रियाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी बाँकी सरह रकम असूल उपर गर्नु पर्नेछ ।

९. बक्यौता असूली सम्बन्धी अन्य व्यवस्था अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद ३

## आन्तरिक आय ठेक्काको बोलपत्र स्वीकृत गर्ने सम्बन्धी व्यवस्था

१०. दफा ४ बमोजिम आन्तरिक आय ठेक्काको बोलपत्र (ठेक्का) स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ ।

१) एक करोडरुपैयाँसम्म – प्रमुख प्रशासकीय अधिकृतबाट

२) एक करोड पचास लाख रुपैयाँसम्म – नगर प्रमुखबाट

३) एक करोड पचास लाख रुपैयाँभन्दा माथि – नगर कार्यपालिकाबाट ।

## परिच्छेद– ४

## विविध

११. कामदारहरु सूचिकृत हुनुपर्नेः–

(१) बनेपा नगरपालिका क्षेत्रभित्र प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनले निर्धारण गरेका क्षेत्रभित्र स्वीकृत मापदण्ड भित्र रही हातेऔजार प्रयोग गरी ढुङ्गा, गिटी बालुवा लगायतका नदीजन्य वा खानीजन्य पदार्थ संकलन गरी तोकीएको दररेटमा बिक्री गर्न सकिनेछ । यसरी बिक्री गर्दा तोकीएको शुल्क नगरपालिकालेअसूल गर्नेछ ।

(२) उपदफा (१) बमोजिम हाते औजार प्रयोग गरेर नदीजन्य वा खानीजन्य पदार्थ संकलन गर्ने कामदारहरु अनिवार्य रुपमा नगरपालिकामा सूचिकृत हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचिकृत भएका कामदारहरुले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र सूचिकृत परिचय पत्र नविकरण गराउनु पर्नेछ । परिचय पत्र ढाँचा र सूचिकृत शुल्क अनुसूची ५ बमोजिम हुनेछ ।

१२. खारेजी र बचाउः (१) यो कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(२) यो कार्यविधि लागूहुनु भन्दा अगाडी भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिछ ।

१३. संशोधनः यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अडकाउ परेमा नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

अनुसूची १

(कार्यविधिको दफा (४) को च सँग सम्बन्धित)

## बोलपत्रको दस्तुर वा मूल्य

(क) बढीमा बीस लाख रुपैयाँसम्मको लागि रु. १,०००।-

(ख) बीस लाख रुपैयाँ भन्दा माथि दुई करोड रुपैयाँसम्मको लागि रु. ३,०००।-

(ग) दुई करोड रुपैयाँ भन्दा माथि दश करोड रुपैयाँ सम्मको लागि रु. ५,०००।-

(घ) दश करोड रुपैयाँ भन्दा माथि पचास करोड रुपैयाँसम्म रु. १०,०००। -

(ङ) पचास करोडरुपैयाँ भन्दा माथि रु. २०,०००।-

## अनुसूची २

**(कार्यविधिको दफा ६ (१) सँग सम्बन्धित)**

किस्ता असूली तालिका किस्ता विवरण किस्ता बुझाउनुपर्ने मिति रकम रु.

पहिलो ठेक्का स्वीकृत भएको सम्झौताको समयमा कबोल अंकको पचास प्रतिशतले हुन आउने रकम ।

दोश्रो चालु आ.व.को पौष मसान्त भित्र कबोल अंक्तको २५ प्रतिशतले हुन आउने रकम ।

तेश्रो चालु आ.व. को जेष्ठ मसान्त भित्र कबोल अंकको बाँकी २५ प्रतिशत रकम ।

अनुसूची ३

(कार्यविधिको दफा ५ को उपदफा (५)सँग सम्बन्धित)

नगर कार्यपालिकाको कार्यालय बनेपाको आन्तरिक आय उठाउने सम्बन्धी कबुलियतनामा

लिखितम ...................... को नाती श्री ................... को छोरा ... ... .. जिल्ला ... ........पालिका वडा नं. ... मा बस्ने वर्ष ... को श्री ... ... ... ... ... ...( कम्पनी वा फर्म भएमा त्यस्तो कम्पनी वा फर्मको पुरा ठेगाना र कबुलियतनामामा दस्तखत गर्न अधिकार प्राप्त व्यक्तिको विवरण उल्लेख गरिने) आगे तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा बनेपा नगरपालिकाको रकम ठेक्का बन्दो बस्त गर्ने गरी यस नगर कार्यपालिकाको कार्यालयबाट प्रकाशित मिति ..............................ठेक्का नं...................को सूचना अनुसार तपाई समेतले पेश गर्नु भएको बोलपत्र/डाँक बढाबढको व्यहोरा पेश हुँदा आर्थिक वर्ष ......................... को रु......................... (अक्षेरुपी ...................... ) मात्र भ्याट समेत रु.......................... ठेक्का दिने गरी तपाईसँग ठेक्का बन्दोबस्त गर्न मिति ..........................मा भएको यस कार्यालयको निर्णय अनुसार तपसिलको शर्त बमोजिमका साधनबाट तपसिल बमोजिमको क्षेत्रमा स्थानीय सरकारको तर्फबाट आय संकलन गर्ने ठेक्काको कबुलियत गर्न मञ्जुर भई आउनु भएको हो होईन भनी आज मलाई यस नगर कार्यपालिकाको कार्यालयबाट सोधनी हुँदा मेरोचित्त बुझ्यो । तपसिलमा लेखिएको शर्त बमोजिम कामकाज गर्ने गरी कबुलियत गर्न मञ्जुर भै उपस्थित भएको छु । तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटिबढी नपारी कामकाज गरी तपसिलमा लेखिए बमोजिमको मिति भित्र नगर कार्यपालिकाको कार्यालयलाई एकमुष्ट रु..........................(अक्षेरुपी .....................(भ्याट समेत) बुझाई मिति .................... देखी मिति .................... साल आषाढ महिना सम्म आ.व.......................... को निमित्त ठेक्का चलाउने छु पछि मैले कुनै कुरामा उजुर गर्ने छैन् गरे यसै कागजबाट बदर गरिदिनु भनी मेरो मनोमानी खुसीराजीसँग रकम चलनको कबुलियत लेखी यस नगरपालिकामा चढाएँ ।

## तपसिल

१) तपसिलमा उल्लेख गरिए बमोजिमका क्षेत्र (एरिया) भित्र र संझौताका शर्तको अधीनमा रही आर्थिक वर्ष ................. को जम्मा कवोल अंक रु.................. को ठेक्का रकम एकमुष्ट जम्मा रु....................(अक्षेरुपी ................................ (भ्याट समेत) देहायको म्याद भित्र बुझाएको ............................ देखि .................... मसान्त तकलाई प्रचलित कानूनको अधीनमा रहि बोलपत्रको सूचना र सम्झौतामा उल्लेखित शर्तहरुको पूर्ण पालना गर्ने गरी नगर कार्यापालिकाको आय संकलन गर्नेछु ।

कार्यक्षेत्र:- ........................................................ ...................................

ठेक्का रकम भुक्तानी: एकमुष्ट रु..............................(अक्षेरुपी ................................. मात्र (मूल्य अभिवृद्धि कर समेत) सम्झौताका बखत एकमुष्ट बुझाएको छु ।

२) उक्त आय संकलन गर्नका निमित्त स्थानीय स्तरमा व्यवसायिक उत्पादन वा निकासी भएको माल सामानहरुको स्थानीय स्तरमा यसै साथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा कर, सेवा शुल्क, बहाल वा दस्तुरको रुपमा आय संकलन गरी नगर कार्यापालिकाकोकार्यालय बनेपालाई किस्ता रकम बुझाउने छु । यसरी आय संकलन गर्दा करदातालाई दिईने भरपाई रसिद बनेपा नगरपालिकाबाट प्रमाणीत गराई प्रयोग गर्नेछु।

३) सो आय संकलन गर्न बनेपा नगरपालिका कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क वा उपभोग सेवा शुल्क वा बहाल रकम नगरपालिकाबाट

प्रमाणित गरिए बाहेकका रसिदहरु प्रयोग गरी आय संकलन गरिने छैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असूल उपर गरेको वां अनधिकृत रसिद प्रयोग गरेका नगरपालिकाबाट भएको/हुने अनुगमन हुँदा पाईएमा नियमानुसार कारवाही र सजाय हुन मलाई मञ्जुर छ ।

४) मैले यस बापत बुझाउनु पर्ने एकमुष्ट/पहिलो किस्ता रकम रु. ..................... पट्टा कबुलियत भएका दिन आजै सूचनामा उल्लेख भएको यस कार्यालयको बैक खाता नं. ......................................वा राजस्व शाखामा नगदैजम्मा गर्नु पर्ने छ । अन्य किस्ता तोकीएको मिति भित्र यस नगर कार्यपालिकांमा बुझाउदै जानु पर्नेछ ।

५) यो आय संकलन ठेक्का कबुलियत गरी चलन पुर्जी लिनको लागि कुल ठेक्का अंक रु. ................. मध्ये दाखिला गर्न बाँकी किस्ता रकम रु. एकमुष्ट बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक .................. को मिति ....................... साल .. ... ... ..सम्म म्याद गरेको परफरमेन्ट बण्ड र नेपाल बैंक लिमिटेड शाखा कार्यालय बनेपामा रहेको खाता नं. .................... मा नगदै दाखिला गरेको बैंक भौचर संलग्न गरेको छु ।

६) अन्य शर्तहरुः आन्तरिक आयको प्रकृति अनुसार ठेक्का बन्दोबस्तको संझौतामा तपसिल बमोजिमका शर्तहरु मध्ये आवश्यक शर्त समावेश गरिने छ ।

(६.१) ठेकेदारले दरभाउपत्र फाराममा उल्लेखित सवारी साधनमा तोकिएको दररेट अनुसार रकम उठाउनु पर्नेछ । सम्झौतामा उल्लेख नभएका सवारी साधनहरुसँग वा तोकिएको दर भन्दा बढी दररेटमा रकम उठाएमा प्रचलित कानून अनुसार कारवाही हुनेछ । ठेकेदारले तोकिएको संकलन केन्द्रमा कर लाग्ने वस्तुहरु र तिनीहरुको दर स्पष्ट देखिने गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ । ठेक्का रकम उठाउने सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने समेतको सम्पूर्ण दायित्व ठेकेदारको नै हुनेछ । यस कारेवार गर्दा बालश्रमको प्रयोग गर्न पाईने छैन । मजदुरको हकमा नगरपालिकाको दररेटमा कम नहुनेगरी ज्याला दिनुपर्नेछ ।

(६.२) ठेकेदारले नगरपालिकाले तोकेको कर उठाउदा प्रयोग गर्ने रसिदहरु आफ्नै तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । त्यस्तो रसिदमा स्थायी लेखा नम्बर उल्लेख गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी आएमा नियमानुसार कारवाही हुनेछ ।

(६.३) राष्ट्रिय राजमार्ग सहायक राजमार्गमा तगारो राखी कर संकलन गर्न पाइने छैन । साथै राष्ट्रिय राजमार्गबाट न्यूनतम .............. मिटर भन्दा परको दुरीमा मात्र ग्रामीण सडक उपभोग गरे बापत पटके सवारी कर उठाउन पाइने छ । सरकारी वा अन्य कुनै कर शुल्क ठेकेदारले आफैले व्यहोर्नु पर्नेछ । साथै स्थानीय स्तरबाट उत्पादित घरायसी प्रयोजनको लागि कृषि जन्य वस्तु तथा सामानहरु ढुवानी गर्दा सवारी कर छुट गर्नुपर्ने छ । (जस्तै धान, पराल, मकै, मल आदि ढुवानीमा) ।

(६.४) ठेक्का अवधी समाप्त भएपछि धरौटी फिर्ता लिन र बैंक ग्यारेन्टी फुकुवा गर्न सम्बन्धित आन्तरिक राजस्व कार्यालयको कर चुक्ता प्रमाण पत्र सहित नागरिकता/संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

(६.५) बन्द हडलात विपत्ति वा कुनै पनि कारणले राजस्व उठाउन नपाएको भनी मिनाहाको माग दाबी गर्न पाईने छैन।

(६.६) सरकारी कार्यालयबाट गरिने निर्माण कार्यहरुमा प्रयोग हुने सवारी साधनका हकमा एक सवारी साधनको दिनको एक पटक मात्र कर लिन पाईनेछ।

(६.७) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ (३) बमोजिम बोल अंकमा मूल्य अभिबृद्धि कर समेत जोडि असूल गरिनेछ। विशेष परिस्थितिमा नगरपालिकाबाट कर छुट गर्न पठाए/लेखीएमा सोको कार्यान्वयन हुनु पर्नेछ।

(६.८) माथि उल्लेखित शर्तहरुको उल्लंघन गरेमा निज ठेकेदारको धरौटी जफत गरी ठेक्का तोड्न सकिनेछ।

(६.९) यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार हुने छ। नगरपालिकाबाट समय समयमा गरिएका निर्देशनहरुको पालना ठेकेदारले गर्नु पर्नेछ।

(६.१०) ठेकेदार/निजको वारेस कामदारले कर उठाउदा अनिवार्य रुपमा परिचयपत्र लगाएर बस्नु पर्नेछ।

(६.११) पार्किङ तथा सरसफाई प्रयोजनको लागि लैजाने खाली सवारी साधन र आफ्नोसवारी साधन निजी प्रयोग गरेको अवस्थामा (व्यवसाय बाहेक) यस नगरपालिका भित्रका व्यक्तिलाईकर लाग्ने छैन।

किस्ताबन्दी

(क) वि.स. ..................श्रावण गते ....................वर्षको जम्मा रु. .......................... मध्ये एकमुष्ट रु. ........................ पट्टा कबुलियत भएको मिति आजै २०.................. मा बुझाई सोमा प्रचलित कानून बमोजिम हुनेमूल्य अभिबृद्धि कर रु. .................... समेत जम्मा रकम रु .................... मात्र सम्झौताका समयमा बुझाएको।

(ख) दोस्रो किस्ता .......................... गते भित्र बनेपा नगर कार्यपालिकाको कार्यालयमा रु. .......................... मु.अ.कर समेत दाखिला गर्नुपर्ने छ।

(ग) तेस्रो किस्ता .................. चैत्र ............. गते भित्र बनेपा नगर कार्यपालिकाको कार्यालयमा रु. .......................... मु.अ.कर समेत दाखिला गर्नु पर्ने छ।

ठेकेदारको तर्फबाट

नगरपालिकाको तर्फबाट

नाम थरः ...................... प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं.: .

रोहबरः

श्री राजस्व शाखा प्रमुखश्री .... .............

ईति सम्बत ...................... महिना ............... गतेरोज ...................... शुभम् ।

**अनुसूची ४**

**(कार्यविधिको दफा ५ को उपदफा (५)सँग सम्बन्धित)**

पट्टा/चलन पूर्जी

बनेपा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रे

पत्र सख्यां .............................

मितिः .................

चलानी नं.

**विषयः पट्टा/चलन पूर्जी सम्बन्धमा ।**

श्री ................................ ......................................... प्रस्तुत विषयमा ऐन बमोजिम राजस्व संकलन गर्ने प्रयोजनार्थ यस नगर कार्यपलिकाको कार्यालयबाट प्रकासित सूचना बमोजिम तपाईले पेश गर्नु भएको दरभाउ पत्र /कबोल अंक स्वीकृत भएको हुँदा मिति ............................ गतेका दिन भएको कबुलियत सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रही कामकाज गर्नु गराउनुहुन तपाईलाई यो कार्यादेश दिईएको व्यहोरा जानकारी गराईन्छ ।

तपसिलः

१) कार्यक्षेत्र : .......................................

२) कार्यविधिः .......................................................

३) बनेपा नगरपालिकाबाट तोकिएको दररेटमा नबढने गरी कर असूली गर्नुहुन ।

४) नगरपालिकबाट प्रदान गरिएको कबुलियत फारम तथा सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रहि कार्य गर्नु पर्नेछ ।

५) तोकिएको दररेट सोकारवालाहरुले स्पष्ट रुपमा देखिने गरी दररेटको सूची सूचनापाटीमा टाँस गर्नु पर्नेछ ।

६) कार्यगर्दा कही केही अप्ठ्यारो परिस्थिति सिर्जना भएमा लिखित रुपमा नगरपालिकामा समयमै सम्पर्क राख्नु पर्नेछ ।

........................

प्रमुख प्रशासकीय
अधिकृत

बोधार्थ : श्री

## अनुसूची ५

**(कार्यविधिको दफा ११को उपदफा (३)सँग सम्बन्धित)**

कामदारको परिपचय पत्र र शुल्क

| बनेपा नगरपालिका | | | |
|---|---|---|---|
| बनेपा, काभ्रेपलान्चोक | | | |
| | फोटो | | |
| परिचय पत्र नं. | | | |
| नाम थरः | | | |
| ठेगानाः | | | |
| नाप्रप नं. | | | |
| सम्पर्क नं. | | | |
| प्रयोजनः | | | |
| प्रमाणित गर्नेको दस्तखतः | | मितिः | |
| | | | |

कामदार सूचिकृत शुल्क :- रु. ३००।- (तीन सय रुपैया) (सम्बन्धित फर्म वा कम्पनी वा ठेकेदारले बुझाउनु पर्ने)

आज्ञाले

कविराज उप्रेती

प्रमुख प्रशासकीय अधिकृत